सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १ ♦ २०८२ साल भदौ ४ गते बुधवार ♦ 20 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

प्रकाशकीय

हामी सफलताको ९औं वर्षमा

खबर दर्पण दैनिक आजदेखि ८ वर्ष पूरा गरी ९औं वर्षमा प्रवेश गरेको छ। लोकतन्त्र, राष्ट्रियता, सुशासन र स्वतन्त्रता सहितको समुन्नत नेपाल निर्माणको महान् उद्देश्य निम्ति हामी समर्पित रह्यौं। यसमा निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्दछौं। पूर्वाग्रह रहित ढंगले सत्यतथ्य समाचार प्रवाह गर्ने, राष्ट्रिय, अन्तर्राष्ट्रिय विविध विचारलाई स्थान दिने र परिवर्तित समयअनुरूप परिष्कृत पत्रकारिता हाम्रो मान्यता हो।

आम पाठक तथा शुभेच्छुकहरूको साथ र विश्वासको शक्तिले हामीलाई यहाँसम्म ल्याएको हो । यहाँहरूको विश्वास, माया र सद्भावले गर्दा हामीले अपेक्षा गरे अनुसार नै सफलता प्राप्त गर्न सफल नभएपनि सन्तुष्ट नै छौं । हाम्रा आदरणीय पाठक, विज्ञापनदाता र शुभेच्छुकहरूबाट प्राप्त समर्थन तथा हौसलाकै कारण हामी यो सञ्चार माध्यमलाई थप विस्तार गर्नेतर्फ अभिप्रेरित भइ रहेका छौं ।

पत्रकारिताको क्षेत्रमा असल अभ्यास स्थापित गर्नु सहज काम होइन । यसको लागि धेरै चुनौतिको सामना गर्नुपर्छ र मेहेनत र संघर्षको पनि त्यतिकै जरूरी हुन्छ । असल अभ्यास सबैतिर एकैपटक स्थापित हुने कुरा पनि होइन । यसलाई एकठाउँमा स्थापित गरेर विस्तारै अन्यत्र पुन प्रयोग गर्दै लैजानुपर्छ । तपाँइ हामीले गरेका राम्रा कामहरूबाट अरू पनि लाभान्वित हुने अवसर मिलोस भनेर यस्ता अभ्यासहरूलाई समुदायमा विभिन्न माध्यमहरूबाट पुऱ्याउनु सबैको कर्तव्य पनि हो र खबर दर्पण यस्ता कर्तव्यहरू प्रति सचेत छ ।

पत्रकारिताका आधारभूत मूल्य, मान्यता र नागरिकप्रतिको आफ्नो दायित्वबाट हामी कहिल्यै विमुख र विचलित हुँदैनौं, हर मूल्यमा पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा खडा हुन्छौं र विश्वसनीय खबर पस्कन्छौं । हामीसँग निर्भीक पत्रकारिताको विरासत छ । सचेत पाठक, विद्वान् लेखक, भरपर्दा समाचार स्रोत, उदारमना विज्ञापनदाता र शुभेच्छुकहरूको साथ, सहयोग र स्नेहले हाम्रो यो चुनौतीपूर्ण संकल्प साकार हुनेमा हामी विश्वस्त छौं ।

अतः खबर दर्पणको सफलताको यस सुखद घडीमा हाम्रा तमाम पाठक, कर्मचारी, विज्ञापनदाता, सहयोगी, शुभचिन्तक इष्ट मित्रहरुमा आभार व्यक्त गर्दै अगामी दिनहरुपनि यसरी साथ सहयोगको अपेक्षा राखेका छौं ।

“सूचनाको हकको प्रभावकारी कार्यान्वयले मुलुकमा सुशासन र समृद्धि आउँछ”

खबर दर्पण समाचारदाता

भदौ ३ गते, बर्दिवास

मधेस प्रदेशका गृह सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले मुलुकमा सुशासन तथा समृद्धिको यात्रा पुरा गर्नका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताउनुभएको छ ।

मंगलबार १९ औं राष्ट्रिय सुचना दिवसको अवसरमा गृह, सञ्चार तथा कानुन मन्त्रालयले बर्दिबासमा आयोजना गरेको ‘सूचनाको हक कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम’ मा सञ्चारमन्त्री लेखीले वर्तमान संविधानले सूचनाको हकलाई जनताको मौलिक हकको रूपमा अङ्गीकार गरेकाले यसको कार्यान्वयनमा राजनीति नेतृत्व, राष्ट्र सेवक कर्मचारी तथा सुरक्षा निकाय गम्भीर र जबाफदेही बन्न जरुरी रहेको बताउनुभयो ।

उहाँले सूचनाको हकको कार्यान्वयनले लोकतन्त्र तथा गणतन्त्र बलियो हुने भएकाले सूचनाको हकका विषयमा आम जनता समक्ष प्रचार प्रसार हुन जरुरी रहेको बताउँदै यसका लागि सञ्चार माध्यम बढी जिम्मेवार बन्न जरुरी रहेको बताउनुभयो ।

गृहमन्त्री लेखीले सभ्य तथा पार दर्शी समाजको निर्माणका लागि सूचनाको हक हरेकले कार्यान्वयन गर्न जरुरी रहेको बताउँदै यसका कार्यान्वयन गर्नका लागि आम सञ्चार जगतको ठुलो भूमिका रहेको बताउनुभयो ।

सो कार्यक्रममा सुचनाको हकको लागि राष्ट्रिय महासंघ मधेस प्रदेशका अध्यक्ष डा अजय साहले मधेस प्रदेश प्रदेशमा सुचनाको हक कार्यन्वयनको अवस्था बारे एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । डा साहले प्रस्तुत गर्नुभएको कार्यपत्रमा मधेस प्रदेशमा सूचनाको हक कार्यान्वयन आंशिक मात्र देखिएको उल्लेख गर्नुभयो । उहाँले कानुनी व्यवस्था बलियो भए पनि नागरिक सचेतना, प्रविधि, संस्थागत संरचना र सर कारी निकायको इच्छाशक्ति कमजोर भएकाले यो ऐन को प्रभावकारी कार्यान्वयन नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “यदि नागरिक समाज, सञ्चार माध्यम, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य गरी सचेतना, प्राविधिक पहुँच र प्रोएक्टिभ डिस्क्लोजरलाई सुदृढ गरियो भने तथा प्रदेश स्तरमा अलग्गै सुचना आयोगको व्यवस्था/गठन गरी मधेस प्रदेशमा सूचना अधिकारलाई व्यवहार मै सफलतापूर्वक लागू गर्न सकिन्छ। यसले लोकतान्त्रिक अभ्यासलाई बलियो पार्ने मात्र होइन, सुशासन र जवाफदेहिता पनि सुनिश्चित गर्नेछ।“

कार्यक्रममा मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सरेश यादवले सुचनाको हक राष्ट्रिय र अन्तराष्ट्रिय अभ्यासहरु बारे चर्चा गर्नुभएको थियो ।

आम सञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जीतेन्द्र खड्गाले सूचनाको हक कार्यान्वयनका लागि प्रदेश सरकारका निकायहरू बढी संवेदनशील तथा जबाफदेही बन्न जरुरी र हेको बताउनुभयो ।

मन्त्रालयका उपसचिव ओम प्रकाश महतोले सूचनाको हक सम्बन्धी कानुन तथा यसको कार्यान्वयनको अवस्थाविषयमा छुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सूचनाको हक सम्बन्धी राष्ट्रिय दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा सहभागीहरूले मुलुकमा सुशासन, पारदर्शिता तथा जवाफ देहीताका लागि सूचनाको हकको कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्न जरुरी रहेको बताउनुभयो ।

सो कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खडका , चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका अध्यक्ष किशोरकुमार लेखी, प्राधिकरण तथा काउन्सिलका सदस्यहरू मन्नु पासमान, रिन्कु मिश्र, बन्दना झा र ज्योति झा लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा मधेश प्रदेश सर कारका विभिन्न मन्त्रालय र मातहतका निकायका सूचना अधिकारीहरू साथै सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

सम्पादकीय

खबर दर्पणको यात्रा ९औं वर्षमा अघि बढ्दै जाँदा...

आजबाट हामी ८ वर्ष पूरा गरी ९ औं वर्षमा प्रवेश गरेका छौं । खबर दर्पण दैनिकको वार्षिकोत्सवका अवसरमा सम्पूर्ण पाठक, शुभेच्छुक र सहयोगीहरूमा हृदयदेखि नै शुभेच्छा प्रकट गर्न चाहन्छौं।

हामी सदैव लोकतन्त्र, कानुनी राज र संवैधानिक मूल्यमान्यताका पक्षमा उभिंदै आएका छौं ।

हामी लोकतन्त्र र प्रेस स्वतन्त्रतामा विश्वास गर्छौं । नेपालको संविधान, २०७२ ले अंगीकार गरेका मान्यतालाई आत्मसात् गर्दै राष्ट्रियता, लोकतन्त्र, संघीयता सहितको बहुलवाद र मानव अधिकार हाम्रा आदर्श हुन् । संविधानले परिलक्ष्यित गरेका मार्गनिर्देशक सिद्धान्तहरूलाई जनताको जीवनमा व्यावहारिक रूपमै रूपान्तरण गर्न हाम्रो प्रयास केन्द्रित रहेको छ। राज्यका निकायहरू, राज्य सञ्चालकहरू, कर्मचारीतन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउन हामी कलमको माध्यमबाट प्रयासरत छौं । आमनागरिकले प्राप्त गर्नुपर्ने सेवा प्रवाहमा देखिएका र भइरहेका जटिलतालाई चिर्दै राज्य संयन्त्रलाई जवाफदेही बनाउनेमा हाम्रो ध्यान केन्द्रित रहेको छ ।

हामी कुनै पनि राजनीतिक आस्थाद्वारा प्रेरित छैनौं । बहुलवाद हाम्रो अभिन्न चरित्र छ । हामी कुनै राजनीतिक विचारलाई पक्षपोषण वा निषेध गर्दनौं । जहाँ हामी जाति, धर्म, वर्ण, लिंग, क्षेत्र, राजनीतिक वाद वा सिद्धान्तका आधारमा कसैलाई निषेध गर्ने र कसैलाई काखी च्याप्ने गर्दैनौं । आमनागरिकको चासोका विषय, उनीहरूको जीविकोपार्जनसँग जोडिएका मुद्दाहरूलाई हाम्रो प्राथमिकता हो।

पत्रकारिताको मूल मर्म शुद्धता, सन्तुलन र विश्वसनीयतालाई हामी सधैं आत्मसात् गर्न प्रतिबद्ध छौं ।

यो प्रकाशनले ९ औं वर्ष टेक्दै गर्दा हामी सञ्चार अनुभव, दायित्व र कर्तव्यप्रति अझै निख्खर र सचेत बन्दै आइरहेका छौं भन्न पाउँदा हामीलाई गर्व लागेको छ। खबर दर्पण पत्रिकासँगै हामी अनलाइन संस्करण **www.shirishnews.com** मार्फत निरन्तर समाचार प्रवाहमा सक्रिय छौं । यसले हाम्रो उपस्थितिलाई अझ गाढा र फराकिलो बनाइदिएको छ।

हाम्रो यो अभियानमा यहाँहरुले दिनुभएको साथ, सहयोग र शुभेच्छाले थप हौस्याउँदै गएपछि हामी निकट भविष्य मै रेडियो मार्फत समेत हाम्रा संचार क्षेत्रमा उभिने जमर्को गर्दै गरेको सहर्ष जानकारी गराउन चाहन्छौं। तपाईं सम्पूर्ण पाठक, लेखक, पेशाकर्मी, विज्ञापनदाता, सहयोगी र शुभेच्छुकको साथ र सहयोग हाम्रा सबै प्रकाशन-प्रसारणप्रति रहनेछ भन्ने विश्वासका साथ धन्यवाद ज्ञापन गर्छौं ।

अन्त्यमा, फेरि हाम्रा सम्पूर्ण सहकर्मी, पाठकवृन्द, विक्रेता, वितरक, विज्ञापनदाता, विज्ञापन एजेन्सी लगायत सबै सहयोगी एवम् शुभेच्छुक महानुभावहरूलाई ९ औं वार्षिकोत्सवको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छौं।

कार्यपत्रको पूर्णपाठ

मधेस प्रदेशमा सूचनाको हक (RTI) कार्यान्वयनको अवस्था

नेपालमा संविधानसभा मार्फत असोज ३, २०७२ मा नेपालको संविधान जारी भएपछि नेपालमा संघिय शासनको थालनी भयो। नेपालको संविधानले अंगिकार गरेअनुसार संघ, प्रदेश र स्थानिय सरकार अहिले अभ्यासमा छन् । प्रदेश र स्थानीय सरकारहरु दोश्रो कार्यकालको तेश्रो वर्ष पुरा गरिसकेकोछ । यता नेपालमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भएको पनि १८ बर्ष लागिसकेको छ । पारदर्शिता, सुशासन र विधिको शासन स्थापना गर्ने उद्देश्यका साथ नागरिकले आफूले राज्यलाई तिरेको करको प्रयोग सही तरिकाले भएको छ वा छैन भन्ने कुरा थाँहा पाउन सकुन भन्ने अपेक्षा पनि सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनाको अन्तरवस्तुमा राखि यसको व्यवहारिक प्रयोगका लागि हामी सवै पक्ष अभ्यासरत छौ ।

सूचनाको हक सम्बन्धी ऐन जारी भएको ८ वर्षपछि नेपालमा पुनः नेपालको संविधान २०७२ प्राप्त भयो । नेपालको संविधान २०७२ को धारा २७ ले समेत यो हकलाई सुनिश्चित गरि कार्यान्वयनमा ल्याउन स्थापित निकाय राष्ट्रिय सूचना आयोग मार्फत संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारसँग समन्वय र सहकार्य अगाडी बढिरहेको छ । तर ति समन्वय र सहकार्यहरु कार्यान्वयनको हिसावले सूचनाको हकको प्रचलनका लागि नागरिक स्तर सम्म त्यो अधिकारलाई पुर्याउन प्रभावकारी हुनसकेको छैन । अझै पनि प्रदेश अन्तर्गत रहेका विभिन्न सार्वजनिक निकायहरु, स्थानिय तहहरु सूचनाको हकको बारेमा अनभिज्ञता प्रकट गर्ने परिस्थिती छ भने सूचना दिने र लिने प्रकृया सहज बन्न सकेको छैन । सूचनाको हकले विशेषत : असल शासन स्थापना गर्न, पारदर्शिता बढाउन, दिगोविकासलाई प्रवर्द्धन गर्न, आर्थिक अनियमता तथा भ्रस्टाचारको खुलासा गर्न, खुल्ला समाजको प्रर्वधन गर्न, नागरि कलाई देशको समुचित विकासमा सँगै सहभागी गराउन र सार्वजनिक निकायहरुलाई जनता प्रति जवाफदेहि बनाउन अहम भुमिका खेल्न सक्छ।

संघियताको १० बर्षे यात्रामा सूचनाको हक सम्बन्धी ऐनलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि हामी तिनै तह कतै न कतै चुकेको अहिले महशुस भईरहेकोछ। संघिय संरचना अन्तर्गत ७ वटा प्रदेश ७७ जिल्ला, ७५३ वटा स्थानिय तहहरु सहित यतिका धेरै संयन्त्र र अख्तियारी रहेको अवस्थामा समेत आम नागरिकले सजिलै सूचना पाउन सकिने वातावरण तयार भने हुन सकेको छैन । अझ भनौ नेपालमा यो कानुनको प्रयोग अझै सर्वव्यापी हुन सकेन । अझै पनि प्रदेशगत र स्थानिय स्तरमा रहेका सार्वजनिक निकायहरुले यो कानूनको पालना गर्नेतर्फ तदारुकता देखाउन सकेका छैनन् । सूचनाको हकको प्रबर्द्धनका लागि केहि प्रदेशहरुले आफनो छुट्टै ऐन ल्याउने प्रयासहरु समेत गरेकाछन तर कार्यान्वयन भने फित्तलो देखिएकोछ। ऐनको मर्म अनुसार सूचनाको हक प्रचलन र कार्यान्वयनको लागि प्रदेश सरकार र स्थानिय तहले सार्वजनिक निकायहरुलाई ऐनको पालना गराउन अझै प्रयाप्त भूमिकां निर्वाह गर्न जरुरी छ । आम नागरिकले आफ्नो र सार्वजनिक चासोको विषयमा सजिलै सूचना पाउन सक्ने वातावरण निर्माण गर्न प्रदेश सरकारको तर्फबाट अझै प्रभावकारी र केहि फरक कदमहरुको खाँचो पक्कै पनि देखिएकोछ। सूचनाको हकलाई साच्चिनै जनजनका मनमनसम्म पुऱ्याउनका लागि नागरि समाजको तर्फबाट स्वयंसेवी रुपमा अभियन्ताहरुले खेलेको भूमिका उदाहरणीय देखिएको छ। नागरिक समाजले आफनो तर्फबाट केहि पलहरु अगाडी बढाएकोछ भने कम्तिमा प्रदेश र स्थानिय तहले केहि कदमहरु चालेको खण्डमा सूचना दिने र लिने, पारदर्शि संस्कृतिको विकास गर्ने, सुशासनमुखी समाज निर्माण गर्न, खुल्ला र पारदर्शि सरकार निर्माणमा थप टेवा पुग्नेछ। यसका लागि प्रदेश सरकारले आफना मातहतका मन्त्रालयहरु, विभागहरु, अन्य निकायहरु अन्तर्गत सूचना डेस्कको स्थापना गर्न सक्दछन्, नागरिकले मागेको बखत सूचना उपलब्ध गराउनका लागि सूचना अधिकारीको स्पष्ट व्यवस्था गरि त्यस कार्यालय अन्तर्गत गरिएका कामकाजहरुको विषय सँग सम्बन्धि सूचनाहरुको उचित व्यवस्थापन गरि ऐनले भने जस्तो स्वतस्फूर्त रुपमा तिन तिन महिनामा सूचनाहरु नियमित रुपमा सार्वजनिक गर्न सक्दछन् । यसरीनै स्थानिय तहहरु समेत कार्य गर्न सक्दछन् । निर्वाचित जनप्रतिनिधिहरु समेत सूचनाको हकको विषयमा अनभिज्ञ छन् उनिहरुलाई समेत यस ऐनको बारेमा यसको कार्यान्वयनका पक्षहरुको बारेमा सचेतना गराउन जरुरी देखिन्छ ।

अब केहि व्यवहारिक चर्चा गरौ,

सूचनाको हकसम्बन्धी कानुनले हरेक सरकारी खर्च हिसाब र आम्दानी चुस्तदुरुस्त रुपमा भौचरसहित मागे पनि दिनुपर्छ भन्छ। तर सार्वजनिक निकायहरुलाई अझै पनि जोकोहीलाई कार्यालय मातहत गरेको खर्च बिल भरपाई दिनु हुदैन भन्ने मानसिकता यथावतै रहेको देखिन्छ । बितेका १८ वर्षमा हामीले सार्वजनिक निकायलाई यति पनि बुझाउन सकेनछौ वा उनिहरुले बुझ्नै नचाहेका हुन भन्ने पनि लाग्छ। यी र यस्ता अनियमितता र त्रुटिहरु सार्वजनिक निकायहरुमा अनगिन्ती छन्, जुन यहाँ बखान गरेर साध्य हुदैनन् । देशमा सूचनाको हक सम्बन्धी बनेको ऐन नागरिकलाई सबल र सक्षम बनाउने र शासन संयन्त्रलाई पारदर्शी र जवाफदेही बनाउने यो अधिकारको सिर्जना र प्रयोगका लागि नेपालमा नागरिक तहको लामो संघर्ष र अभियानबाट आएको सबैमा विदितै छ। प्रसंग जोडौ, सूचनाको हक सम्बन्धी बनेको ऐन २०६४ ले निदृष्ट गरेका कुराहरु सार्वजनिक निकायहरुले कति अवलम्बन गरे त ? के यसको लेखाजोखा अहिले सम्म गरिएको छ , रेकर्ड छ त ? कानुनी राज्य र विधिको शासनलाई स्थापित गर्ने जिम्मेवारी पाएका प्रदेश र स्थानिय तहले सूचनाको हकसम्बन्धी ऐनमा भनिए बमोजिम हरेक तीन तीन महिनामा उनिहरुले गरेका गतिविधिहरु, निर्णयहरु, हिसावकिताब नियमित रुपमा सार्वजनिक गरेका छन् त ? सबै तहहरुमा सूचना अधिकारी राखेका छन् त ? देशमा जतिसुकै पटक प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे तन्त्र आएपनि संस्कार अपारदर्शी नै छ। जबसम्म यो काम सरकारी पक्षबाट, विभिन्न तहका सरकारहरुको पहलबाट अबलम्बन गरिदैन तबसम्म नागरिक तह सम्म यो ऐनको कार्यान्वयन फित्तलोनै रहनेछ ।

आम नागरिकले थाहाँ पाउनु पर्ने राज्य व्यवस्थाका असंख्य विषयहरुमा अहिले पनि सर्वसाधारण नागरिक मौन छन्। आम नागरिकले सार्वजनिक निकायहरुले गर्ने नागरिक सरोकारका विषयहरु थाहा पाउने अधिकार अन्तरगत सूचनाको हकको अधिकतम् खुलासाको सिद्धान्तले सबैजसो कार्य जनताका माझमा खुलारुपले गर्नुपर्दछ भन्छ तर विभिन्न तहका सरकार र यस मातहत रहेका सार्वजनिक निकायहरु यस्तो अभ्यासमा चुकेको देखिन्छ । जिल्ला र पालिका तहमा स्वयंसेवी अभियन्ताहरुले संचालन गरेको अभियानकै कारण थोरबहुत सार्वजनिक निकायहरुले कानुनी रुपमै सूचना उपलब्ध गराउन थालेकाछन् । केहि हदसम्म भए पनि सार्वजनिक निकायलाई नागरिकहरु अब जारुक भै सके हामी

बाँकी पृष्ठ ३ मा

☎ ☎ आवश्यक टेलिफोन नम्बरहरू ☎ ☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्रार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शूभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

चुरेको पानी चुरे क्षेत्रमै रोक्न स्थलगत अवलोकन

विजयकुमार साह

भदौ ३ गते, ढल्केवर

धनुषाको मिथिला नगर पालिकाका जनप्रतिनिधि तथा राष्ट्रपति चुरे तराई मधेश संर क्षण विकास समिति कार्यान्वयन एकाइ ढल्केबरका प्राविधिक टोलीले मङ्गलबार पानीको स्रोत चुरे क्षेत्रको स्थलगत अवलोकन गरेका छन् । चुरेको पानी चुरे क्षेत्रमा रोकेर जमिनमुनि जल पुर्नभरण गर्ने उपाय खोज्नका लागि मिथिला नगरपालिकाभित्र पर्ने चुरे क्षेत्रको स्थलगत अवलोकन गरिएको हो ।

कार्यान्वयन इकाइका प्रमुख प्रेमीप्रसाद साहले खोलाबाट बगेर खेर गइरहेको पानीलाई जमिनमुनि जल पुर्नभरण गर्ने उपाय खोज्ने उद्देश्यले औहरी र बसही खोलाको मुहान क्षेत्रसम्म अवलोकन गरिएको बताउनुभयो । भौगोलिक र प्राविधिक दृष्टिले उपयुक्त स्थानमा चेक ड्याम निर्माण गर्न सकिने बताउँदै उहाँले यसका लागि वन मन्त्रालय र विज्ञ समूहको थप अध्ययन पश्चात निर्माण प्रक्रिया अघि बढाउने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यस वर्ष लामो खडेरीका कारण तराईमा जमिनमुनिको पानी तल पुगेको छ। जसले गर्दा चापाकल, इनार र स्यालो ट्युबवेलबाट पानी आउन छाडेको छ ।" खेत सिँचाइमा पनि समस्या देखिएको छ । यदि चुरे क्षेत्रमा चेक ड्यामलगायतका संरचना निर्माण गरी बगेर जाने पानी रोक्न सकियो भने जमिनमुनि पुनर्भरण हुन्छ र भूमिगत पानीको

सतह माथि आउने प्रमुख साहको भनाइ छ ।

मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले वर्षाको पानी चुरे क्षेत्रमा रोक्ने उपायका लागि निरन्तर पहल गर्दै आएको बताउनुभयो। उहाँले पालिकाको तर्फबाट सक्दो सहयोग गर्ने बताउँदै चुरेबाट उत्पती भएको खोलाहरुमा चेक ड्याम निर्माण गरेर बगरे खेर गइरहेको पानीलाई जमिनमुनि पठाउन सकियो भने अहिले देखिएको पानीको सङ्कटमा सुधार जानकारी दिनुभयो ।

कार्यान्वयन इकाइका प्राविधिक रामईश्वर साहले औरही खोलामा चार र बसही खोलाको दुई स्थानमा चेक ड्याम निर्माण गर्न प्रारम्भिक ठाउँ छनोट गरिएको बताउनुभयो । थप अध्ययन पश्चात भौगोलिक तथा प्राविधिक हिसाबले उचित हुने स्थानमा चेक ड्याम निर्माणका लागि प्रक्रिया अगाडि बढाउने उहाँले जानकारी दिनुभयो । वर्षाको पानी चुरे क्षेत्रमा रोक्नुको विकल्प नभएको बताउँदै यसले जमिनमुनि पानीको भण्डारण बढ्ने जानकारी दिनुभयो ।

'शिक्षा सुधारमा मधेश सरकार अघि बढेको छ'

खबर दर्पण समाचारदाता

भदौ ३ गते, बर्दिवास

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकार मधेश प्रदेशमा शिक्षा सुधारका अवधारणाका साथ अघि बढेको बताउनुभएको छ। मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयले मंगलबार जनकपुरधाममा आयोजना गरेको एसइई परीक्षा २०८१ मा मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहा र सप्तरी गरी पाँच जिल्लाका प्रत्येक स्थानीय तहबाट उत्कृष्ट नतिजा ल्याउन सफल छात्र र छात्राहरुलाई साईकल वितरण कार्यक्रममा उहाँले यस्तो बताउनुभयो ।

उहाँले दिनानु दिन शिक्षाको स्तर खस्किदै गएको मधेश प्रदेशको शिक्षाको गुणस्तर सुधारका लागि विद्यार्थी, शिक्षक, अभिभावक र सम्बन्धित सर कोकारवाला सबैलाई अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले यस वर्ष एसइईमा मधेश प्रदेशको कमजोर रिजल्टका बावजुद उत्कृष्ट रिजल्ट ल्याउन सफल भएका विद्यार्थीलाई अगामी दिनको उज्ज्वल भविश्यको कामनाका साथ बधाई दिनुभयो ।

मुख्यमन्त्री सिंहले राष्ट्रलाई आगामी दिनमा कसरी अघि बढाउने विषयको अभिरा पनि यहाँहरुको काँधमा आउन सक्ने भन्दै राष्ट्रको समृद्धि र विकासमा योगदान दिन पनि आग्रह गर्नुभयो ।

कार्यपत्रको पूर्णपाठ.....

नागरिक प्रति जवाफदेहि हुनै पछै नत्र नागरिकले छोड्दैन भन्ने प्रभाव परेको छ ।

लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष भनेको नीति र पद्दतिमा जनताको सहभागीता हो तर पारदर्शी र सुशासनमुखी राज्य व्यवस्थाको अभावमा भने यो असम्भवप्रायः छ। राज्य जति खुल्ला र उदार हुनसक्यो त्यति नै उसप्रति जनताको विश्वास बढ्नेछ यही नै पारदर्शिता हो। यसका लागि आम नागरिकको सशक्त अस्त्र सूचनाको हक हो। यसको कार्यान्वयनको लागि प्रदेश सरकार र स्थानिय तहले आफ्नो मतहत रहेका विभिन्न निकायहरु मार्फत सूचनाको हक प्रबर्द्धन लागि विभिन्न पहलहरु हुन आवश्यक छ , नागरिक समाज, सामाजिक अभियन्ता तथा सूचनाको हकका उपभोक्ताहरुसँग सहकार्य गरेर सचेत प्रयासहरु थालनी गरि अझ क्रियाशील हुनुपर्ने खाँचो देखिएको छ। ऐन कार्यान्वयनका लागि प्रदेश सरकार र स्थानिय तहहरुले सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा ल्याउनका लागि प्रभावकारी कदमहरु चाल्नुपर्ने आवश्यक्ता छ ।

सूचनाको हक प्रभावकारीता लागि अब प्रदेश सरकार र स्थानिय तहले के गर्नुपर्दछ त ?

बुँदा नं. १ : सूचनाको हकसम्बन्धी ऐन २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली २०६५ कार्यान्वयन, प्रचलन र प्रवर्द्धनका लागि प्रदेश सर कारले प्रदेश सूचना आयोग गठन गर्न तथा आफ्नै छुट्टै ऐन र कानुन बनाउन पहल गर्नुपर्दछ। त्यस्तै स्थानिय तहले पनि अनिवार्य सुचना अधिकारी तोकेर वास्तविक सुचना अधिकारीको भुमिका निर्वाह गर्ने वातावरण सृजना गर्नुपर्दछ। स्थानिय तहले पनि संघीय ऐन संग नबाझिने गरी आफ्नै छुट्टै ऐन र कानुन बनाउन सक्छ।

बुँदा नं. २ : राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायका सूचना अधिकारी तथा कार्यालय प्रमुखलाई जवाफदेही बनाई ऐन कार्यान्वयनमा जिम्मेवार बनाउनु पर्ने । सूचना अधिकारीलाई सूचना माग गर्दा १५ दिनभित्र सूचना पाउनु पर्ने, कार्यालय प्रमुखलाई उजुरी गरेको ७ दिनभित्र सूचना प्राप्त हुनुपर्ने वा आयोगले पुनरावेदन परेपछि गर्ने आदेशमा सात दिन भित्र सूचना दिनु भन्ने आदेशहरु हुने गरेको भएता पनि सो कानुनी प्रक्रिया र आदेशहरुको कार्यान्वयनको अवस्था फितलो रहेकोले सूचना मागकर्ताहरुको गुनासोको तत्काल सुनुवाई गर्नुपर्ने ।

बुँदा नं. ३: सार्वजनिक निकायहरुका कार्यालय प्रमुख तथा सूचना अधिकारी लाई सूचनाको हकसम्बन्धी कानुनको बारेमा कम्तिमा जिल्लास्तर वा प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रमहरुमा सहभागी गराई सूचनाको हकको कानुन कार्यान्वयनमा क्षमता अभिवृद्धि गराउनु पर्ने ।

बुँदा नं. ४: सार्वजनिक निकायले हरेक ३/३ महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने सूचनाहरु सार्वजनिक गर्न लगाउने र सार्वजनिक नगर्ने सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखलाई कानुन बमोजिम दण्ड सजायको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । सार्वजनिक निकायमा रहेका सूचना माग भई आएमा समयमा उपलब्ध गराउने र यो ऐनको कार्यान्वयनमा सक्रिय भूमिका निभाउने कार्यालय प्रमुख र सूचना अधिकारीहरुलाई हरेक वर्ष प्रोत्साहन तथा सम्मान गर्ने प्रावधानहरु व्यवस्था गर्नुपर्ने ।

बुँदा नं. ५: कानुन बमोजिम दर्ता हुने सबै राजनैतिक दल, देश भित्र रहेका एनजिओ र आईएनजिओहरु, उपभोक्ता समिति, सामाजिक संघसंस्थाहरुलाई आ-आफ्नो संस्थाको सामाजिक लेखाजोखा गर्ने र अनिवार्य रुपमा सूचना सार्वजनिक गर्ने व्यवस्थाका लागि निर्देशनात्मक आदेश जारी गर्ने । साथै सो आदेशको पूणर् कार्यान्वयनका लागि आवश्यक अनुगमन संयन्त्र बनाउनु पर्ने ।

बुँदा नं.६: सार्वजनिक निकायहरुको जवाफदेहिता, पारदर्शीता र जनसहभागिता अभिवृद्धि गराउँदै सुशासन प्रवर्द्धन गर्न सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ताहरुको योगदानलाई प्रोत्साहन हुने गरि र पहिचान हुनेगरि आयोगले उनीहरुको लगत संकलन गर्ने, अभियन्ताहरुको सुरक्षाको ग्यारेण्टी गर्नुपर्ने साथै सूचनादाताको संरक्षणको लागि रहेको कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

बुँदा नं. ७: सार्वजनिक निकायमा सूचनाको हक सम्बन्धी निवेदन हुलाक मार्फत पेश गर्दा आम नागरिकले शुल्क तिर्नुपर्ने अवस्था छ, सरकारका विभिन्न अंगहरुले जनता सम्म स्वतस्फूर्त रुपमा सूचना पुऱ्याउनुपर्दछ, सर्वसाधारण नागरिकको सूचनामा पहुँच अभिबृद्धि गर्नका लागि भुमिका खेल्नुपर्दछ भन्ने कुरा सूचनाको हक सम्बन्धी बनेको ऐन २०६४ ले नै व्यक्त गरेको हुँदा हुलाक सेवा समेत सरकारकै अंग भएकोले सूचना माग्नको लागि सार्वजनिक निकायमा निवेदन पठाउँदा लिईराखिएको हुलाक दस्तुर निशुल्क गुर्नपर्ने ।

बुँदा नं. ८: विश्वकै परिस्थितीहरु फरक भईरहेको अवस्थामा सूचना प्रविधिमा भईरहेको विकास र यसको अभ्यासलाई समेत कानुनी मान्यताहरु दिईसकेको अवस्थामा नेपालमा समेत ईमेल वा ईन्टरनेटको माध्यमबाट सार्वजनिक निकायमा सूचना माग गर्दा त्यसलाई उत्तिक्कै आधिकारिता दिन सकिने भएकोले सोही अनुसार सक्दो ईमेल वा ईन्टरनेट माध्यमबाट सूचना उपलब्ध गराउने समेत व्यवस्था मिलाउन मिलाउनु पर्ने र आयोगले बिगतमा ल्याएको :क्ष (एमआईएस) प्रणालीलाई अझै प्रभावकारी ढङ्गबा अगाडि बढाउनु पर्ने । साथै सूचना माग गरेको निवेदनको दर्त्ता नं. र मिति समेत सोही माध्यम मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउन मिलाउनु पर्ने ।

बुँदा नं. ९: सूचना माग गर्ने क्रममा आयोगमा परेको पुनरावेदनका लागि आयोगले सूचना मागकर्ता सँग एक पटक आधिकारिक डकुमेन्टहरु मागिसकेपछि पुनः सोही सूचना मागकर्ताले पुनरावेदन गर्दा आधिकारिक डकुमेन्टहरु दिईराख्नुपर्ने झन्झटिलो प्रावधानलाई हटाई रेकर्ड कायम गरि पटक पटक त्यस्तो डकुमेन्ट माग्ने परम्परागत शैलीलाई परिवर्तन गर्नु पर्ने ।

बुँदा नं. १०: देशैभरीका सूचना अधिकारीहरुको विवरण हालसम्म पनि आयोगको वेभसाईटमा अपडेट नभएकोले अहिलेको संरचनाको आधार मा स्थानीय निकायहरुको समेत समावेश गरी सम्पूणर् सार्वजनिक निकायका सूचना अधिकारीहरुको स्पष्ट विवरण यथाशिघ्र अपडेट गरि वेभसाईट मार्फत सार्वजनिक गर्नु पर्ने । साथै सूचना दिन हेलचेक्रयाई गर्ने, सूचना दिने मनसाय नराख्ने, अनावश्यक झन्झटीलो प्रक्रियाहरु देखाई सर्वसाधारणलाई अनावश्यक मानसिक तनाव दिने सूचना अधिकारी र कार्यालय प्रमुखहरुलाई ऐन वा नियमावली मुताबिक कार वाहीको दायरा यथाशिग्र ल्याइनु पर्ने ।

बुँदा नं. ११: सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ मा भएका केहि कानूनी प्रवधानहरुलाई उल्लेख भएका सूचनाका हक नागरिकलाई मात्रै हैन व्यक्तिको अधिकारको रुपमा परिभाषित गर्नु पर्ने, सूचना अधिकारी नभएका सार्वजनिका निकायमा प्रमूख नै सूचना अधिकारी हुने भन्ने प्रावधान हुनु पर्ने ।

बुँदा नं.१२: सूचनाको हक सम्बन्धी प्रावधानलाई जिल्ला स्तरमा कार्यान्वयन गराउन जिल्ला स्तरमा रहेको जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयको जिम्मेवारी प्रभावकारी हुनसकेको छैन। उक्त संयन्त्रलाई अझ चुस्त दुरुस्त बनाउन आयोगले पहल गर्नुपर्ने । यसका लागि नागरिक समाज, अभियन्ताहरुको संजाललाई समेत जोड्नुपर्ने देखिन्छ। कार्यालय प्रमुखहरुको बैठकमा सूचनाको हकको बारेमा छलफल गर्ने , साथै महिनामा एक पटक सूचना अधिकारीहरुसँग अभियन्ताहरुको समेत छलफल गर्ने गराउने ।

अवसरहरू

- संवैधानिक र कानुनी आधार बलियो छ।
- नागरिक समाज, पत्रकार र गैरसरकारी संस्थाहरू सूचना अधिकार प्रवर्द्धनमा सक्रिय हुँदैछन्।
- मोबाइल, सामाजिक सञ्जाल र रेडियोजस्ता माध्यमले सूचना प्रसार सजिलो बनाउन सक्छ।
- प्रदेश सरकारले पारदर्शिता र सुशासनलाई प्राथमिकता दिन थालेको छ।
- डिजिटलाइजेशन र ई-गभर्नेन्स प्रवर्द्धन हुँदै गएकाले सूचना अधिकार लाई व्यवहारमा उतार्न सहज छ।

सुधारका उपायहरू

१. जनचेतना अभिवृद्धि - विद्यालय, कलेज, नागरिक समाज र सञ्चार माध्यम मार्फत व्यापक प्रचार-प्रसार।

२. सूचना अधिकारीलाई सक्रिय बनाउने - तालिम, प्रोत्साहन, नियमित मूल्यांकन र कारबाहीको व्यवस्था।

३. प्रोएक्टिभ डिस्क्लोजरलाई अनिवार्य - वेबसाइट, सूचना पटिका, रेडियो/पत्रपत्रिकामा नियमित सूचना प्रकाशन।

४. प्रविधिको प्रभावकारी प्रयोग - मोबाइल एप, अनलाइन पोर्टल, स्थानीय सूचना केन्द्र स्थापना।

५. अनुगमन र जवाफदेहिता - प्रदेश सरकार र स्थानीय तहले वार्षिक सूचना अधिकार प्रतिवेदन सार्वजनिक गर्ने दायित्व।

६. नागरिक सहभागिता - सामाजिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ, बजेट पारदर्शिता कार्यक्रम।

७. भाषागत पहुँच - स्थानीय भाषामा सूचना उपलब्ध गराउने व्यवस्था।

निष्कर्ष

मधेस प्रदेशमा सूचना अधिकारको कार्यान्वयन आंशिक मात्र देखिन्छ। कानुनी व्यवस्था बलियो भए पनि नागरिक सचेतना, प्रविधि, संस्थागत संरचना र सरकारी निकायको इच्छाशक्ति कमजोर भएकाले प्रभावकारी कार्यान्वयन भएको छैन। यदि नागरिक समाज, सञ्चार माध्यम, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य गरी सचेतना, प्राविधिक पहुँच र प्रोएक्टिभ डिस्क्लोजरलाई सुदृढ गरियो भने तथा प्रदेश स्तरमा अलग्गै सुचना आयोगको व्यवस्था/गठन गरी मधेस प्रदेशमा सूचना अधिकार लाई व्यवहार मै सफलतापूर्वक लागू गर्न सकिन्छ। यसले लोकतान्त्रिक अभ्यासलाई बलियो पार्ने मात्र होइन, सुशासन र जवाफदेहिता पनि सुनिश्चित गर्नेछ।

प्रस्तुतकर्ता :
अजयकुमार साह
प्रदेश अध्यक्ष
सुचनाको हकको लागि राष्ट्रिय महासंघ
मधेस प्रदेश समिति
२०८२।०५।०३

गौरकाण्डको छानबिन आदेशविरुद्ध जसपाको विरोधः प्रवक्ता सुमनसहित दर्जनौं नेता-कार्यकर्ता पक्राउ

खबर दर्पण समाचारदाता

भदौं ३ गते, बर्दिवास

गौरकाण्डमा अध्यक्ष उपेन्द्र यादवलाई फसाउने प्रयास गरिएको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट युवा-विद्यार्थीको अगुवाइमा मंगलबार काठमाडौँसहित मधेशका विभिन्न शहरमा विरोध प्रदर्शन गरिएको छ।

२०६३ साल चैत ७ गते रौतहटको गौरमा भएको घटनाको छानबिन गर्न सर्वोच्च अदालतले दिएको परमादेशपछि जसपा कार्यकर्ताहरू आक्रोशित भएका हुन्। पार्टीले यसलाई 'राजनीतिक षड्यन्त्र'का रूपमा चित्रण गर्दै अध्यक्ष यादवलाई लक्षित गरिएको भन्दै सडक आन्दोलन थालेको हो।

काठमाडौंमा गरिएको मशाल जुलुस तथा प्रदर्शनका क्रममा बबरमहलस्थित माइतीघर मण्डलाबाट जसपा नेपालका प्रवक्ता मनिष कुमार सुमन, केन्द्रीय सदस्य हंसा कुमारी साह, सशीकपुर मिया, दिनेश कुमार यादव, अम्बिका काफ्ले, किरण साह, युवा नेता भोगेन्द्र यादव, विकी यादव, बबी सिंह, रेणुराज सिंह, समाजवादी विद्यार्थी युनियन नेपालका अध्यक्ष मनिष यादव, महासचिव बलिराम कापडी, युवा नेता दिलिप पटेल र मनिष यादव ओमलगायत करिब १८ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरूलाई अहिले प्रहरी वृत्त सिंहदरबार र अनामनगरमा राखिएको छ।

महोत्तरी जिल्लाको सदर मुकाम जलेश्वरमा

यसैबीच, मधेशका महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर मा भएको प्रदर्शनबाट पनि करिब दर्जनौं कार्यकर्ताहरूलाई प्रहरीले नियन्त्रणमा लिएको जसपाले जनाएको छ।

पार्टीले काठमाडौं र महोत्तरी सहित धनुषाको जनकपुर, सिरहा, पर्साको वीरगञ्ज, झापाको बिर्तामोड, सप्तरीको राजविराज लगायतका जिल्लामा समानान्तर विरोध प्रदर्शन गरेको छ। प्रदर्शनका क्रममा जसपा कार्यकर्ताहरूले प्रधानमन्त्री र गृहमन्त्रीविरुद्ध नाराबाजी गर्दै ज्याली निकालेका थिए।

पार्टीका नेताहरूले गौर काण्डसम्बन्धी सर्वोच्चको आदेशलाई पक्षपाती र षड्यन्त्रपूर्ण निर्णय भन्दै यसको विरुद्ध आन्दोलन जारी रहने चेतावनी दिएका छन्।

युवा सशक्तिकरण गरौं ।

युवा सशक्तिकरण किनः

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

मिथिला नगरपालिका, धनुषा

१८ इन्च भुइँमा कसरी सुत्लान् महोत्तरी कारागारका कैदीबन्दी ?

सन्तोष सिंह

भदौ ३गते, महोत्तरी

एक जना मान्छेलाई आरामसँग सुत्नका लागि कति ठाउँ चाहिन्छ ? साइन्स डाइरेक्ट डट कममा प्रकाशित एक अनुसन्धनात्मक लेखअनुसार सामान्यतया एक जना वयस्क मानिसलाई आरामले सुत्नका लागि २०० बाई ९० सेन्टिमिटर (७९ इन्च बाई ३५ इन्च) ठाउँ चाहिन्छ । यसमा कोल्टो फेर्न, उत्तानो र घोप्टो परेर सुत्न सकिन्छ ।

अलि कठिन अवस्थामा १७१ बाई ७६ सेन्टिमिटर(६७ बाई ३० इन्च) ठाउँ भए सुत्न सकिने उक्त अध्ययनले जनाएको छ । तर महोत्तरी कारागारको अवस्था भने फरक रहेको छ ।

महोत्तरी कारागारका रहेका कैदीबन्दीले १८ इन्चमै सुत्नुपर्ने बाध्यता रहेको छ ।

महोत्तरी कारागारमा अग्लो पर्खालको घेराभित्र तीनतले जीर्ण भवन त छ नै । त्यसमाथि वरिपरि जस्तापाता राखिएको टहरा, मन्दिर र पर्खालमा डोरी बाँधेर टाँगिएको त्रिपालमुनि भरिभराउ हुन्छ जलेश्वर कारागार ।

वि.सं. १९१३ सालमा निर्माण भएको राणाकालीन जलेश्वर कारागार ४/५ कट्ठा क्षेत्रफलमा रहेको संरचना जीर्ण अवस्थामा छ। १३५ जना कैदीबन्दी अट्ने भए पनि ५ सय ५९ जनालाई अटेसमटेस गरी राखिएको छ। पछिल्लो समय अन्य कारागार मा भद्रगोल मच्चिरहँदा जलेश्वर कारागार शान्त त देखिन्छ, तर कैदीबन्दीको मन शान्त छैन । समयमै दिशापिसाब गर्न पाउँदैनन् । राति सुत्न पाउदैन । रातदिन पंखा चले पनि कोठामा शीतलता महसुस गर्न सक्दैनन् उनीहरू । हुरीबतास नआई जलेश्वर कारागारमा शीतल छाउँदैन । दिशापिसाब गर्न बिहानैदेखि लाइन लाग्नुपर्छ ।

शौच गर्न त लाइन नबसी बिहान पालो नपाउने कैदीले दिनको समय जसोतसो बिताए पनि रात भने सहज छैन । २१ वटा कोठामा आकारअनुसार २० देखि ४० जनासम्म सुत्नु पर्ने बाध्यता छ । मालसामानजस्तै खाँदिएर सुत्नु पर्ने बाध्यता छ। कारागार आन्तरिक प्रशासन(कैदीहरूको समिति)ले सञ्चालन गरेको र सुत्नका लागि सबैलाई ठाउँ दिँदा प्रतिव्यक्ति १८ इन्च मिलाएर दिने गरेको कारागार प्रशासक अशोककुमार क्षेत्रीले बताए ।

सुतेपछि कोल्टो फेर्न पनि नपाउने गरी कोठामा निसास्सिएर कतिपय कैदीबन्दी त नसुती मन्दिर, कारागार परिसरमा उभिएरै रात बिताउँछन् । राति सुत्न नपाएकाहरू मन्दिरअगाडि र त्रिपालमुनि दिउँसो सुत्ने गरेका छन् । काउन्सिल अफ युरोप्स कमिटी फर प्रिभेन्सन अफ टर्चर(सीपीटी) का अनुसार एक जना मात्रै कैदी रहने भने ६५ स्क्वायर फिट चाहिन्छ । त्यस्तै अन्तर्राष्ट्रिय रेडक्रम समितिले कम्तीमा ५८ स्क्वायर फिट ठाउँ चाहिन्छ । यदि समूहमा राखिएको छ भने कम्तीमा एक जना कैदीलाई ४३ स्क्वायर फिट ठाउँ चाहिने सीपीटीको सुझाव छ । यसैमा रेडक्रसले भने ३७ स्क्वायर फिट चाहिने बताएको छ ।

कारागार नियमावली-२०२०(पन्ध्रौं संशोधन २०७९) को नियम ३८ मा जेलरले कारागार का कैदी वा थुनुवाहरूको स्वास्थ्यका लागि अन्नपानीको राम्रो प्रबन्ध गर्नुपर्ने भनिएको छ । त्यस्तै कारागारभित्र कैदी वा थुनुवा रहेका ठाँउमा पाइखाना पिसाबखानाहरू दिनदिनै चुना, फिनेल, पोटास छरेर सफा गर्नुपर्ने नियमावलीमा उल्ले छ । अब कारागारभित्र सुहाउँदा विभिन्न किसिमका मनोरञ्जन र खेलकुदको समेत व्यवस्था गर्नुपर्नेछ ।

तर जलेश्वर करागारमा १५ शौचालय र ५ स्नान घर मात्र छन् । समयमा दिसापिसा गर्न नपाउने र सुत्न समस्या भएकै कारण अधिकांस कैदीलाई ग्यास्ट्रिकको समस्या छ। दिनहुँ कैदीहरूले औषधि खानु परेको बताउँछन् । समूहमा सुत्ने तर सरसफाइ नहुदा कैदीहरूमा छालाको रोग समान्य बनेको छ। भेटघाट हुँदा बाहिर प्रहरी र भित्र कैदीबन्दीहरूकै नाइके चौकीदारको पहराले करागार को समस्या सार्वजनिक हुँदैन। कारागारको अनुगमन हुन्छ तर झारा टार्नका लागि मात्रै ।

राजनीतिक पहुँच भएका कारागार प्रशासननिकटहरूले समिति बनाएर कैदीबन्दीलाई नै सामान बेचेर आम्दानी गरि रहेको स्रोत बताउँछ। समितिसँग मिल्नेलाई सहज तर नमिल्नेलाई सहज छैन जलेश्वर कारागार। कारागार प्रशासन भने कैदीबन्दीहरूले मुढा बनाएरै घर मा समेत पैसा पठाइरहेको दाबी गर्छ । तर यो सबैको हकमा भने लागू हुँदैन । कारागारमा रहेका कैदीबन्दी भेटेर फर्किनेहरू आफन्तहरू त्यहाँको अवस्था भद्रगोल रहेको बताउँछन् ।

कारागारमा जीर्ण भवन भएकै कारण ३५ जना महिला कैदीलाई जलेश्वर कारगारबाट २०७९ असारमा सिन्धुली सरुवा गरिएको थियो । १३५ कैदीका लागि बनेको जलेश्वर कारागार को क्षमता २ सय जना राख्ने भए पनि ५ सय ५९ जना राखिएको छ । 'कारागार जीर्ण छ । मर्मत गर्न बजेट नहुँदा स्थानीय तहसँग समन्वय गरी सञ्चालन गरेको छु,' कारागार प्रशासक क्षेत्री भन्छन्,'कैदी र ख्न समस्या छ । तर शान्ति सुरक्षा र अनुशासनमा कुनै समस्या छैन।' नयाँ भवन बनाएर कारागार अन्यत्र सार्ने तयारी भए पनि जग्गा पाउन कठिन भएको उनले बताए ।

तराईमा भूमिगत अपराध सञ्चालन गर्ने समूहका नाइके, भूमिगत आपराधिक संगठनका कार्यकर्ताहरू एकै ठाउँमा बस्दा विगतमा समस्या भए पनि अहिले खासै समस्या नभएको जलेश्वर करागारले जनाएको छ । कारागारको त्रैमासिक अनुगमन गर्ने व्यवस्था भए पनि महिनामा २/३ पटक अनुगमन गरी कैदीहरूको अवस्था बुझ्ने गरेको महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रि सालले बताए । 'साँघुरो ठाउँ, कमजोर संरचना र मापदण्डअनुसार कैदीलाई बस्ने सुविधा उपलब्ध गराउन नसकिए पनि कारागारमा कुनै विवाद र समस्या देखिएको छैन,' उनी भन्छन् ।-कान्तिपुर

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,